# Rural Microfinance Development Centre Ltd.

Putalisadak, Kathmandu, Nepal.

## Unaudited Financial Results (Quarterly)

### As at Second Quarter (30/09/2070) of the Fiscal Year 2070/71

(Rs. In '000)

| S. N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **5,139,983.82** | **4,999,496.89** | **4,126,836.48** |
| 1.1 | Paid-up Capital | 520,000.00 | 520,000.00 | 334,000.00 |
| 1.2 | Reserves and Surplus | 1,103,098.27 | 1,064,122.50 | 819,276.94 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 3,231,832.80 | 3,088,101.99 | 2,758,370.96 |
| 1.5 | Deposits (a+b) | - | - | - |
| | a. Member | | | |
| | b. Public | | | |
| 1.6 | Income Tax Liabilities | 31,510.91 | 74,225.58 | 33,604.39 |
| 1.7 | Other Liabilities | 253,541.84 | 253,046.82 | 181,584.19 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **5,139,983.82** | **4,999,496.89** | **4,126,836.48** |
| 2.1 | Cash & Bank Balance | 441,786.57 | 229,172.19 | 252,166.94 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | 2,116,427.49 | 2,231,427.49 | 1,992,365.41 |
| 2.4 | Loans & Advances | 2,502,247.75 | 2,426,182.25 | 1,802,193.00 |
| 2.5 | Fixed Assets | 2,168.46 | 2,065.78 | 2,276.74 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 77,353.55 | 110,649.18 | 77,834.39 |
| **3** | **Profit and Loss Account** | **Upto This Quarter** | **Upto Previous Quarter** | **Upto Corresponding Previous Year Quarter** |
| 3.1 | Interest income | 172,707.95 | 85,978.21 | 165,731.21 |
| 3.2 | Interest Expense | 40,531.66 | 20,791.22 | 40,660.91 |
| | **A. Net Interest Income (3.1-3.2)** | **132,176.29** | **65,186.99** | **125,070.30** |
| 3.3 | Fees Commission and Discount | | | - |
| 3.4 | Other Operating Income | 9,613.29 | 6,078.32 | 8,032.30 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **141,789.58** | **71,265.31** | **133,102.60** |
| 3.6 | Staff Expenses | 10,223.78 | 5,876.38 | 8,952.16 |
| 3.7 | Other Operating Expenses | 5,940.40 | 2,886.35 | 5,065.65 |
| | **C. Operating profit Before Provision (B-3.6-3.7)** | **125,625.40** | **62,502.58** | **119,084.79** |
| 3.8 | Provision for Possible Loss | 6,793.90 | 3,751.28 | - |
| | **D. Operating profit (C-3.8)** | **118,831.50** | **58,751.30** | **119,084.79** |
| 3.9 | Non Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back of Provision for Possible Loss | 32,914.71 | 32,914.71 | 4,131.33 |
| | **E. Profit From Regular Activities (D+3.9+3.10)** | **151,746.21** | **91,666.01** | **123,216.12** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| | **F. Profit Before Bonus and Taxes (E+3.11)** | **151,746.21** | **91,666.01** | **123,216.12** |
| 3.12 | Provision For Staff Bonus | 13,795.11 | 8,333.27 | 11,201.47 |
| 3.13 | Provision For Tax | 31,510.91 | 15,125.41 | 33,604.39 |
| | **G. Net Profit/Loss (F-3.12 -3.13)** | **106,440.19** | **68,207.33** | **78,410.26** |
| **4** | **Ratios** | **At the End of This Quarter** | **At the End of Previous Quarter** | **At the End of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Fund to RWA | 42.83% | 42.89% | 37.42% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.00% | 0.00% | 0.00% |
| 4.3 | Total Loan Loss Provision to total NPL | ∞ | ∞ | ∞ |
| 4.4 | Cost of Funds | 2.59% | 2.72% | 3.06% |

Note: Loans and advances are presented on gross basis, loan loss reserve is included on other liabilities.
Above figures are subject to change upon otherwise instructions of Statutory audit / Supervisory authority.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनुसूची १४ को नियम २२ को उपनियम (२) संग सम्बन्धित

# आ.व. २०७०/०७१ को दोस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण:**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरू:

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रु. ४०.९४ (वार्षिक) | प्रति शेयर कुल सम्पत्तिको मूल्य | रु.९८८.४६ |
| मुल्य आम्दानी अनुपात | २०.५२ | तरलता अनुपात | ६०.७३ % |
| प्रति शेयर नेटवर्थ | रु. ३१२.१३ | पूंजीकोष अनुपात | ४२.८३ % |

**२. व्यवस्थापकीय विश्लेषण:**

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:
यस वित्तीय संस्थाको लगानी मौज्दात, आम्दानी तथा तरलताको अवस्था राम्रो रहेको छ। गत त्रैमासको भन्दा यस त्रैमासमा लगानीमा रहिरहेको कर्जा रु. ७ करोड ६० लाखले बृद्धी भै रु. २ अर्ब ५० करोड २२ लाख पुगेको छ भने दोस्रो त्रैमाससम्ममा संस्थाले रु. १० करोड ६४ लाख कर पछीको नाफा आर्जन गर्न सफल भएको छ।

(ख) आगामी अवधिको व्यवसायिक योजनाको सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:
लघुवित्त सेवा नपुगेका पहाडी तथा हिमाली जिल्लाहरूमा सम्भाव्य साझेदार संस्थाहरू पहिचान गरी लघुवित्त सेवाको बिस्तार गर्ने तथा साझेदार संस्थाका पदाधिकारी, कर्मचारी तथा लघुवित्त सदस्यहरूको क्षमता अभिबृद्धिको लागि तालिमहरू प्रदान गर्ने कार्यलाई निरन्तरता दिने योजना रहेको छ।

(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:
विगत वर्षहरूमा जुन किसिमले कर्जा सापटको उच्च गुणस्तर कायम राखी नाफा बढाउँदै संस्थाले राखेको लक्ष्यहरू हाँसिल गर्न सफल भएको छ त्यसै गरी भविष्यमा पनि सजगताका साथ अघि बढ्न व्यवस्थापन क्रियाशिल रहने छ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण:**

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भए नभएको:
यस अवधिमा यस वित्तीय संस्थाको विरुद्ध कुनै पनि मुद्दा दायर नभएको र यस वित्तीय संस्थाले पनि कुनै पनि मुद्दा दायर नगरेको।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको:
यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको:
यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

(क) धितोपत्र बजारमा भएको संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:
शेयर कारोबार खुल्ला बजारले प्रतिपादन गरेको मूल्य मान्यता अनुरूप हुने गरेको छ। यस संस्थाको शेयर कारोबार तथा मूल्य उत्साहजनक रहेको छ।

(ख) यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या:
अधिकतम मूल्य: रु.८४१ न्यूनतम मूल्य: रु.४९१ अन्तिम मूल्य: रु.८४०
कारोबार संख्या : ७,५७३ कारोबार दिन: ५३

**५. समस्या तथा चुनौति:**

(क) आन्तरिक समस्या तथा चुनौति:
यस संस्थाले आफ्नो कारोबार उल्लेख्य मात्रामा पहाडी तथा हिमाली क्षेत्रमा बिस्तार गर्न नसक्नु आन्तरिक चुनौति रहेको छ।

(ख) बाह्य समस्या तथा चुनौति:
लघुवित्त क्षेत्रमा देखिएको तिब्र प्रतिस्पर्धा, ग्राहकमा दोहोरोपना तथा अधिक कर्जा प्रवाहको समस्या, साझेदार लघुवित्त संस्थाहरूको कर्जा एवं संचालन जोखिमबाट यस संस्थाको कारोबारमा भविष्यमा पर्न सक्ने असर चुनौतीको रुपमा रहेको छ।

(ग) रणनीति:
संस्थाले पहाडी तथा हिमाली क्षेत्रमा लघुवित्त कार्यक्रम विस्तार गर्न ति क्षेत्रमा कार्यरत संस्थाहरूलाई सरल तथा सस्तो ब्याजदरमा (वार्षिक २%) कर्जा उपलब्ध गराउँदै आएको छ। ग्राहक सदस्यहरूको आवश्यकताको आधारमा नयाँ नयाँ प्रकारका कर्जा प्रयोगमा ल्याएको, कर्जाको ब्याजदर समय सापेक्ष परिवर्तन गर्दै आएको, विविध तालिम, गोष्ठी, सभा, सम्मेलन मार्फत लघुवित्त संस्थाहरू तथा सदस्यहरूलाई लघुवित्त क्षेत्रमा देखिएका तथा भविष्यमा आउन सक्ने चुनौतीहरू तथा समाधानका उपायबारे निरन्तर सजग गराउँदै आएको र भविष्यमा पनि गराउने कार्यक्रम रहेको। कर्जा केन्द्रिकरण जोखिम घटाउन नयाँ साझेदार संस्थाहरूको बृद्धि तथा विकास गर्ने तर्फ ध्यान दिने गरेको।

**६. संस्थागत सुशासन:**

यस संस्थाले संस्थागत सुशासनलाई प्राथमिकता दिएको छ। नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरू एंव बैंकको संचालक समितिबाट पारित नीति, नियमहरूलाई यस संस्थाले पालना गर्दै आएको छ। बैंकमा स्थापित लेखापरीक्षण समितिको समय समयमा बैठक बसी सो समितिले आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रतिवेदनको समीक्षा गर्ने, आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रणालीको समीक्षा गर्ने र व्यवस्थापनलाई आवश्यक सुझाव दिने गरेको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।


**रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि.**
पो.ब.नं. २०७८९, पुतलीसडक, काठमाडौं
फोन : ४२६८०१९, ४२६८०२०
Email: rmdc@wlink.com.np, Website: www.rmdcnepal.com